


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार २ गते मंगलबार ❑ 16 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## गण्डकीको बजेट ३२ अर्ब ९९ करोड

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ३२ अर्ब ९९ करोड ९९ लाख बराबरको बजेट सार्वजनिक गरेको छ।

आर्थिक मामिला मन्त्री जीतबहादुर शेरचनले सोमबार प्रदेश सभामा आउँदो आर्थिक बर्षको लागि उक्त बजेट प्रस्ताव पेश गर्नु भएको हो । प्रस्तुत बजेटमध्ये चालुतर्फ रु. १२ अर्ब ७२ करोड ३७ लाख ७८ हजार अर्थात् ३८.५६ प्रतिशत, पूँजीगततर्फ रु. २० अर्ब २ करोड ६१ लाख २२ हजार अर्थात् ६०.६८ प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ रु. २५ करोड अर्थात् ०.७६ प्रतिशत रकम विनियोजन गरिएको मन्त्री शेरचनले बताउनुभयो।

प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ मा ३१ अर्ब ९७ करोड ९९ लाखको बजेट ल्याएको थियो। आगामी वर्षका लागि प्रस्तुत बजेट अघिल्लो वर्षको तुलनामा १ अर्ब २ करोड बजेट बढी हो। यो वृद्धि करिब ३.१९ प्रतिशत हुन आउँछ।



बजेट प्रस्तुत गर्दै उहाँले विकास, पूर्वाधार, स्वास्थ्य, ऊर्जा, खानेपानी तथा सामाजिक क्षेत्रलाई प्राथमिकतामा राखिएको जानकारी दिनुभयो । बजेट कार्यान्वयनका लागि नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँट, रोयल्टी, सशर्त, समपूरक तथा विशेष अनुदान गरी ठूलो हिस्सा जुटाइने भएको छ । प्रदेश सरकारले आन्तरिक राजस्वबाट रु. ५ अर्ब ८४ करोड १८ लाख ५२ हजार संकलन गर्ने लक्ष्य राखेको छ। साथै, चालु आर्थिक वर्षको अन्त्यमा रु. २ अर्ब नगद मौज्दात रहने अनुमान गरिएको छ । बाँकी अपुग रु. १ अर्ब ७५ करोड आन्तरिक ऋण परिचालनमार्फत व्यवस्थापन गरिने सरकारको योजना रहेको छ । बजेटमा स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिँदै स्वास्थ्य मन्त्रालय अन्तर्गत रु. ३ अर्ब ३१ करोड विनियोजन गरिएको छ। भौतिक पूर्वाधार विकासका लागि रु. ११ अर्ब ६६ करोड बजेट छुट्याइएको छ भने ऊर्जा तथा जलस्रोत क्षेत्रमा रु. ४ अर्ब ७७ करोड विनियोजन गरिएको छ । सरकारले आगामी वर्षलाई "उज्यालो प्रदेश" घोषणा गर्ने लक्ष्यसमेत अघि सारेको छ।

खानेपानी क्षेत्रका लागि रु. १ अर्ब ७ करोड बजेट विनियोजन गरिएको छ। बहुवर्षीय योजनाहरू सम्पन्न गर्न रु. ५ अर्ब ३ करोड छुट्याइएको छ भने प्रदेश विपद् व्यवस्थापन कोषमा रु. १० करोड विनियोजन गरिएको छ । पूर्वाधारतर्फ सडक तथा पुल निर्माणलाई उच्च प्राथमिकता दिइएको छ । सातताल रिङरोड स्तरोन्नति, विभिन्न सडक पुल निर्माण तथा वेल्ली ब्रिज निर्माणका लागि रु. १२ करोड बजेट विनियोजन गरिएको मन्त्री शेरचनले जानकारी दिनुभयो।

यस्तै, प्रदेश खेलकुद परिषद्का लागि रु. ६ करोड बजेट व्यवस्था गरिएको छ । अन्तरजातीय विवाह प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइएको छ भने पत्रकार लेखन वृत्तिलाई पनि कायम राखिएको छ। प्रदेश सरकारका कर्मचारीलाई साउन १ गतेदेखि महँगी भत्ता उपलब्ध गराउने व्यवस्था गरिएको बजेट वक्तव्यमा उल्लेख छ । सरकारले प्रस्तुत गरेको बजेटले पूर्वाधार निर्माण, सेवा प्रवाह सुधार, ऊर्जा विकास, सामाजिक समावेशिता तथा आर्थिक गतिविधि विस्तारलाई मुख्य प्राथमिकतामा राखेको जनाएको छ।

## सीमा सुरक्षा र विपद् प्रतिकार्यमा सशस्त्र प्रहरीको सक्रियता

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्राकृतिक विपद्का समयमा खोज, उद्धार तथा व्यवस्थापनमा सशस्त्र प्रहरी बलले निर्वाह गर्दै आएको भूमिका प्रशंसनीय रहेको बताउनुभएको छ।

सशस्त्र प्रहरी बल, नेपाल नं. ४ मुक्तिनाथ बाहिनीको २५औं स्थापना दिवसका अवसरमा सोमबार यहाँ आयोजित कार्यक्रममा उहाँले कठिन परिस्थितिमा सशस्त्र प्रहरी बलको सक्रिय परिचालनले प्रदेश सरकारलाई विपद् व्यवस्थापनमा थप सक्षम बनाएको उल्लेख गर्नुभयो । फेवातालमा गोताखोर टोलीद्वारा गरिएका उद्धार, हवाई तथा सडक दुर्घटनामा सञ्चालन गरिएका उद्धार अभियान, कालीगण्डकी, सेती र त्रिशूली नदीमा भएका खोज तथा उद्धार कार्यमा सशस्त्र प्रहरीले देखाएको साहसको मुख्यमन्त्रीले सराहना गर्नुभयो।




मुख्यमन्त्री पाण्डेले सीमा सुरक्षा, राजस्व छली नियन्त्रण, औद्योगिक सुरक्षा, हुलदङ्गा व्यवस्थापनमा पनि सशस्त्र प्रहरी बलले निर्वाह गरेको भूमिका अन्य सुरक्षा निकायका निम्ति प्रेरक छन् भन्नुभयो।

## मुस्ताङमा पर्यटक बढेसँगै फोहरमैला व्यवस्थापनमा चुनौती

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १ असार

धार्मिक तथा पर्यटकीय हिमाली जिल्ला, मुस्ताङमा पछिल्लो समय फोहरमैला व्यवस्थापनमा चुनौती थपिएको छ।

मुक्तिनाथ दर्शन गर्न आएका आन्तरिक तथा बाह्य पर्यटकले तोकिएका स्थानमा उचित ढङ्गले फोहरमैला व्यवस्थापन नगरेकाले फोहरमैला व्यवस्थापनमा चुनौती थपिएको हो । बिगत वर्षभन्दा चालु वर्षमा मुक्तिनाथको दर्शन गर्न आउने भारतीय पर्यटकहकरुको आगमन भने बढेको छ । भारतीय पर्यटकहरुकै कारण यहाँ जथाभावी फोहर बढेसँगै व्यवस्थापनमा कठिनाइ भएको घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले बताउनुभयो।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), जोमसोम कार्यालयका अनुसार झण्डै दैनिक १० हजार भारतीय पर्यटक मुस्ताङको मुक्तिनाथमा दर्शन गर्न आउने गरेको उल्लेख छ । यहाँ दर्शनार्थी बढेसँगै, राजमार्ग, आसपासका होटलमा पर्यटकको चहलपहल भने उत्साह जनक रहेको छ।

दर्शनार्थीले स्नान गर्दा जथाभावी फोहर मिल्काउने, अनियन्त्रित रुपमा जथाभावी फोहर गर्ने लगायतका कामले वातावरणीय सौन्दर्यतामाथि प्रश्न उठ्न थालेको छ।

## रुपातालमा सिसाको पुल, फेवातालमा सेल्फी ब्रिज, फेवा सौन्दर्यीकरणमा ५ करोड बजेट

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

गण्डकी प्रदेश सरकारले पर्यटनको राजधानि पोखरा केन्द्रित रुपातालमा सिसाको पुल, फेवातालमा सेल्फी ब्रिज, फेवा सौन्दर्यीकरणमा ५ करोड बजेट लगायतका कार्यक्रम ल्याएको छ।

आर्थिक मामिला मन्त्री जीतबहादुर शेरचनले सोमबार आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रदेश सभामा प्रस्तुत गर्दै प्रदेश राजधानि केन्द्रित उक्त योजनाहरु समेत समेटिएको उल्लेख गर्नु भएको हो।

"राउण्ड फेवा, भ्यू फेवा" कार्यक्रमलाई निरन्तरता दिँदै फेवा होराइजन पेडेस्ट्रियन ब्रिज (सेल्फी ब्रिज) तथा रुपातालमा सिसाको पुल निर्माण कार्य अगाडि बढाइने मन्त्री शेरचनले बताउनु भयो । यद्यपि, यी दुवै परियोजनाका लागि छुट्टै बजेट रकम भने बजेट वक्तव्यमा खुलाइएको छैन्।

प्रदेश सरकारले फेवातालको सौन्दर्य र पर्यटन आकर्षण बढाउने उद्देश्यले पोखरा महानगरपालिकासँगको साझेदारीमा तालको मध्यवर्ती क्षेत्र सौन्दर्यीकरणका लागि ५ करोड रुपैयाँ विनियोजन गरेको छ। उक्त रकम ताल वरपरको पर्यटकीय वातावरण सुधार, सार्वजनिक संरचना व्यवस्थापन तथा पर्यटकमैत्री पूर्वाधार निर्माणमा खर्च गरिने अपेक्षा गरिएको छ।

फेवाताल पोखराको प्रमुख पर्यटकीय चिनारीका रूपमा रहेको छ भने रुपाताल पछिल्ला वर्षहरूमा पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै गएको क्षेत्र हो । प्रदेश सरकारले यी दुवै ताल क्षेत्रमा नयाँ आकर्षण थप्ने योजनासहित पूर्वाधार विस्तारमा जोड दिएको हो । बजेटले पोखरालाई साहसिक, मनोरञ्जनात्मक र आधुनिक पर्यटनको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य लिएको देखिन्छ । उक्त सेल्फि पुल निर्माण भएपछि पर्यटकलाई तालमाथिबाट फेवाको दृश्यावलोकन गर्ने नयाँ अनुभव प्राप्त हुने अपेक्षा गरिएको छ।

पर्यटन प्रवर्द्धनका लागि सरकारले यसअघि सञ्चालन गर्दै आएको "पहिला घरदेश, अनि परदेश" र "लेक टु लेक" कार्यक्रमलाई पनि निरन्तरता दिएको छ । यी कार्यक्रममार्फत आन्तरिक पर्यटन प्रवर्द्धन, ताल केन्द्रित पर्यटन सञ्जाल विस्तार तथा स्थानीय संस्कृति र उत्पादनलाई पर्यटनसँग जोड्ने लक्ष्य राखिएको छ । तर ती कार्यक्रमका लागि छुट्याइएको बजेट रकम भने सार्वजनिक गरिएको छैन् । प्रदेश सरकारले पर्यटनलाई आर्थिक विकासको प्रमुख आधारका रूपमा अघि बढाउँदै प्रमुख गन्तव्यमा पूर्वाधार विस्तार, पदमार्ग स्तरोन्नति, धार्मिक तथा साहसिक पर्यटन विकास र नयाँ पर्यटकीय आकर्षण निर्माणलाई प्राथमिकतामा राखेको जनाएको छ।

नेपाल पर्यटन बोर्डसंग गण्डकीमा जाऔं, प्रकृति र संस्कृतिसंग रमाऔं अभियानलाई थप सुदृण बनाइ पोखरालाई स्वास्थ्य, खेलकुद तथा साहसिक पर्यटन केन्द्रका रुपमा विकास गरिने उल्लेख गरिएको छ। एक जिल्ला एक पर्यटकीय गन्तव्य अवधारणा कायौन्वयन गर्दै स्थानिय संस्कृति, होमस्टे, फार्म मार्ट, रैथाने उत्पादनलाई ब्राण्डिङ तथा स्तरियकरण गरिने भएको छ । सरकारले उद्योग र पर्यटनका लागि प्रदेश सरकारले २ अर्ब रुपैयाँ बजेट विनियोजन गरेको छ। पोखरामा हिजोआर भारतीय पर्यटकको भिडभाड रहेको छ।


## पोखरामा सवारी दुर्घटनामा परी नेविसंघका पूर्व केन्द्रीय सदस्य राजीव बाँस्तोलाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

पोखरामा सडक दुर्घटनामा परी नेपाल विद्यार्थी संघ (नेविसंघ) का पूर्व केन्द्रीय सदस्य राजीव बाँस्तोलाको मृत्यु भएको छ।

पोखरा १९ काउरे निवासी ३२ बर्षीय बाँस्तोलाको आइतबार साँझ पोखराको सृजनाचोक र सृजनाचोक बिचको सडकखण्डमा रेडी मिक्स्चर (ब्लकर) ले बाँस्तोलाले चलाएको मोटरसाइकललाई पछाडिबाट ठक्कर दिएसंगै गम्भिर घाइते हुनु भएको उहाँको उपचारको क्रममा मृत्यु भएको अस्पताल श्रोतले जनाएको छ । बा प्र ०३-००१ क १६५० नम्बरको रेडी मिक्स्चर (ब्लकर) ले बाँस्तोलाले चलाएको मोटरसाइकललाई पछाडिबाट ठक्कर दिदा बाँस्तोलालाई तत्काल उद्धार गरी नजिकैको मेट्रोसिटी अस्पताल पुर्याइएको थियो । तर अस्पताल पुग्नसाथ चिकित्सकले उहाँलाई मृत घोषणा गर्नु भएको थियो । बाँस्तोलाको टाउकोमा गहिरो भित्रिचोट (हेड इन्जुरी) भएर उहाँको तत्काल निधन भएको हुनसक्ने डाक्टरले बताउनु भयो । कास्की जिल्ला सहकारी संघको तालिममा सहभागी भएर घर फर्किने क्रममा आइतबार करिब ५:३० बजे उक्त दुर्घटना भएको स्थानियले बताउनु भयो । बाँस्तोला नेपाली कांग्रेस गण्डकी प्रदेशका आमन्त्रित सदस्य तथा कास्की क्षेत्र नम्बर ३ का नेता खिमलाल बाँस्तोलाका छोरा हुनुहुन्छ।

दुर्घटनामा संलग्न रेडी मिक्स्चर र चालकलाई कास्की जिल्ला ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा मकवानपुरको हेटौंडा निवासी ४० वर्षीय राजन अधिकारी रहेको प्रहरीले जनाएको छ । राजीव बाँस्तोलाको असामयिक निधनले नेपाली कांग्रेस, नेविसंघ लगायतका संघ संस्थाले दुःख व्यक्त गर्दै दोषी उपर कार्वाहीको माग गर्नु भएको छ।



# व्यावसायीक वातावरण निर्माण र उपभोक्ता हितको रक्षा मेरो दायित्व : प्रजिअ गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

पोखरा उद्योग वाणिज्य संघले कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङलाई स्वागतसहित सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ।

संघले सोमबार आफ्नै सचिवालय गैह्रापाटनमा नवआगन्तुक सिडिओ गुरुङको सम्मानमा कार्यक्रम आयोजना गरेको हो। नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य एवं पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पदाधिकारी र कार्यसमितिका सदस्यसँगै प्रजिअ गुरुङको स्वागत र शुभकामना व्यक्त गरेका हुन् । आफ्नो सम्मानमा आयोजित स्वागत कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले नाफा कमाउने व्यवसायीको धर्म



भए पनि त्यो कार्य गरिहँदा देशको अर्थतन्त्रमा योगदान दिने तथा उपभोक्ताको हितको दायित्व नबिर्सन व्यवसायीलाई सचेत गराए । 'सही भए पनि गलत भए पनि तपाईंहरु व्यवसायीको पक्षमा उभिनुहुन्छ । नाफा कमाउनु तपाईंहरुको धर्म हो तर गलतलाई सही भन्न मिल्दैन,' उनले भने,'तर,प्रमुख जिल्ला अधिकारीलाई कानूनले गलतलाई सही भन्ने अधिकार दिएको हुँदैन। सिडिओलाई राज्यले उद्योग व्यवसाय संचालनको वातावरण निर्माणको लागि आवश्यक पर्ने शान्ति-सुरक्षाको प्रबन्धको अधिकार दिएको छ भने अर्कोतर्फ सेवाग्राही(उपभोक्ता) को अधिकारको रक्षाको दायित्व पनि सुम्पेको छ । म यी दुवै कामप्रति उत्तिकै प्रतिवद्ध छु।'

प्रजिअ गुरुङले आफू पनि कुनै समय व्यवसायी नै रहेको स्मरण गर्दै उद्योग/व्यवसाय संचालनको लागि उचित वातावरण निर्माण गर्नका निम्ति निजी क्षेत्रसँग सहकार्य गर्ने प्रतिवद्धता पनि जनाए। यसअघि प्रजिअ गुरुङलाई स्वागत गर्दै कार्यक्रम तथा आयोजक संस्था पोउवा संघका अध्यक्ष गोकर्ण कार्कीले शान्ति-सुरक्षा व्यवसायीको चासोको विषय भएको बताउँदै प्रशासन एकातिर र निजी क्षेत्र अर्कोतिर नरहेको बरु सहकार्य गर्न तम्तयार रहेको बताएका थिए। 'हाम्रा माग ठूला छैनन्, शान्ति सुरक्षा हाम्रो चासो हो,'उनले भनेका थिए। पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमको संचालन रहेको कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्यले पोखरा उद्योग वाणिज्य संघले प्राकृतिक विपत्ति तथा अन्य असहज अवस्थामा प्रशासनसँगको सहकार्यमा राहत र पुनर्स्थापनाका काम गरेको स्मरण गरे।

# पोखरा आदर्शका कक्षा ११ विद्यार्थीलाई साइबर सुरक्षा र करियरबारे अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

कक्षा ११ मा भर्ना भई उच्च शिक्षाको नयाँ यात्रामा पाइला टेकेका विद्यार्थीहरूका लागि पोखरा आदर्श मा वि बगरले विशेष स्वागत तथा अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ।

विद्यालय परिसरमा सम्पन्न कार्यक्रमले विद्यार्थीलाई केवल शैक्षिक जीवनका लागि मात्र होइन, जिम्मेवार डिजिटल नागरिक र भविष्यप्रति सचेत युवाका रूपमा अघि बढ्न प्रेरित गरेको थियो।

कार्यक्रमको प्रारम्भमा विद्यालयका निर्देशक नारायण न्यौपानेले नवआगन्तुक विद्यार्थीलाई स्वागत गर्दै विद्यालय शिक्षा केवल पाठ्यपुस्तकमा सीमित नहुने उल्लेख गरे । उनले विद्यार्थीलाई कक्षाकोठाभन्दा बाहिरका अनुभव, सीप र ज्ञानलाई पनि उत्तिकै महत्व दिन आग्रह गरे । त्यसैगरी विज्ञान संयोजक बलराम सुबेदीले विद्यालयका नियम, अनुशासन तथा आगामी दुई वर्षको शैक्षिक कार्ययोजनाबारे जानकारी गराउँदै विद्यार्थीलाई लक्ष्यसहित अघि बढ्न प्रेरित गरे । कार्यक्रमको दोस्रो चरणमा सामुदायिक सेवा केन्द्र तथा प्रहरी सेवा केन्द्र, बगरको सहकार्यमा साइबर सुरक्षा, लागुऔषध दुर्व्यसन तथा सामाजिक विकृतिबारे सचेतनामूलक प्रशिक्षण सञ्चालन गरिएको थियो । प्रमुख प्रशिक्षक वरिष्ठ नायब निरीक्षक होतबहादुर रोकाले पछिल्लो समय डिजिटल प्रविधिको दुरुपयोग तीव्र रूपमा बढिरहेको सन्दर्भ उल्लेख गर्दै सामाजिक सञ्जालको जिम्मेवार प्रयोग गर्न आग्रह गरे। उनले साइबर अपराध, मानव बेचबिखन,




लागुऔषध दुर्व्यसन तथा युवालाई लक्षित विभिन्न आपराधिक गतिविधिबारे जानकारी दिँदै त्यसबाट जोगिने व्यावहारिक उपायहरू पनि प्रस्तुत गरे । कार्यक्रममा सहभागी विद्यार्थीहरूले प्रशिक्षणप्रति उच्च रुचि देखाएका थिए। प्रश्नोत्तर सत्रमा सक्रिय सहभागिता जनाएका कक्षा ११ का रोशन क्षेत्री, सुशान्त राम्तेल, प्रतिक बास्तोला, मिरा छन्त्याल, अनिस तुम्बा, एलिना गुरुङ र आयुष चापागाईंलाई पुरस्कार प्रदान गरिएको थियो।

सामुदायिक सेवा केन्द्र तथा प्रहरी सेवाका अध्यक्ष रामप्रसाद अधिकारी र सचिव कृष्ण तामाङले सुरक्षित समाज निर्माणका लागि प्रहरी र नागरिकबीच विश्वास र सहकार्य हुनुपर्नेमा जोड दिए । सहभागी विद्यार्थी मिरा छन्त्यालले भनिन्, "साइबर सुरक्षाबारे धेरै कुरा सुनेको थिएँ, तर आज पहिलो पटक यसको जोखिम र सावधानीबारे विस्तृत जानकारी पाएँ। सामाजिक सञ्जाल प्रयोग गर्दा अझ जिम्मेवार हुनुपर्छ भन्ने महसुस भयो।" त्यस्तै विद्यार्थी रोशन क्षेत्रीले प्रतिक्रिया दिँदै भने, "करियर परामर्श सत्र निकै उपयोगी लाग्यो। आफ्नो रुचि र क्षमता पहिचान गरेर भविष्यको लक्ष्य निर्धारण गर्नुपर्ने रहेछ भन्ने बुझें ।" तेस्रो सत्रमा करियर परामर्शकर्ता तथा कार्यक्रम संयोजक पूर्णशोभा महर्जनले विद्यार्थीलाई आफ्नो क्षमता, रुचि र सम्भावना पहिचान गर्ने तरिकाबारे जानकारी दिइन्। उनले बदलिँदो विश्व परिवेशमा केवल शैक्षिक प्रमाणपत्र पर्याप्त नहुने बताउँदै व्यवहारिक सीप, तालिम र निरन्तर आत्मविकासको महत्वमाथि प्रकाश पारिन्। विद्यार्थीलाई समयमै लक्ष्य निर्धारण गरी आवश्यक तयारी सुरु गर्न उनले सुझाव दिइन् । कार्यक्रमको समापनमा विद्यालयका निर्देशक नारायण न्यौपानेले सहयोगी संस्था तथा स्रोत व्यक्तिप्रति आभार व्यक्त गर्दै सम्मानस्वरूप मायाको चिनो प्रदान गरे। विद्यालयका उपप्राचार्य ज्ञानेश्वर सुबेदीका अनुसार आगामी दिनहरूमा पनि विद्यार्थीको आवश्यकता, रुचि तथा सरोकारवालासँगको सहकार्यमा यस्ता सीपमूलक, जीवनोपयोगी र करियरमुखी कार्यक्रमलाई निरन्तरता दिइनेछ । नयाँ शैक्षिक यात्राको सुरुवातमै आयोजना गरिएको यस कार्यक्रमले विद्यार्थीलाई सुरक्षित डिजिटल जीवन, सकारात्मक सोच र स्पष्ट करियर दृष्टिकोणतर्फ उन्मुख गराएको विद्यालयको विश्वास छ।

# पोखरामा अन्तरविद्यालय जुडो प्रतियोगिता सम्पन्न, ७५ खेलाडी सहभागी

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

पोखरा महानगरपालिकाको खेलकुद विकास समितिले सञ्चालन गरेको दोस्रो पोखरा खेलकुद महोत्सव तथा मार्सल आर्ट फेस्टिभल-२०८३ अन्तर्गत जुडो प्रतियोगिता सम्पन्न भएको छ।

छात्र तथा छात्रा गरी दुई विधाका विभिन्न तौल समुहमा गरेर कुल ७५ जनाले सहभागिता जनाएको महोत्सव मूल आयोजक समितिका संयोजक तथा पोखरा महानगरपालिकाको खेलकुद विकास समितिका अध्यक्ष दीपक बहादुर गोदारले जानकारी दिए । उनका अनुसार छात्र तर्फ २५ केजी, ३० केजी, ३५ केजी, ४० केजी र ४५ केजी तौल समूहमा प्रतिष्पर्धा गराइएको थियो । जस अनुसार २५ केजी छात्रमा सौरभ जिसी प्रथम, विकल नेपाली द्वितीय र आरोन गुरुङ तथा सविन नेपाली तृतीय भए । ३० केजी छात्रमा महेश बिक प्रथम, निसान मगर द्वितीय र सुनिल कुँवर तथा



प्रिन्स शाह तृतीय भए। ३५ केजी छात्रमा निसान नेपाली प्रथम, आयान कुँवर द्वितीय र राजकुमार गिरी तथा प्रिन्स आले मगर तृतीय भए । ४० केजी छात्रमा रितेश केसी प्रथम, अञ्जन परियार द्वितीय र प्रियान्स गुरुङ तथा रूपक परियार तृतीय भए । ४५ केजी छात्रमा बिप्लप बूढा मगर प्रथम ढोलक विक्रम केसी द्वितीय र सुयोग जलन्धर तथा आशिष बिक तृतीय भए। यसैगरी छात्रा केजी, ३५ केजी, ४५ केजी र ५० केजी तौल समूहमा प्रतिष्पर्धा गराइएको थियो । जस अनुसार ३५ केजी छात्रामा मनिषा नेपाली प्रथम, सन्ध्या परियार द्वितीय र निसा नेपाली तथा सङ्गीता लुँइटेल तृतीय भए। ४५ केजी छात्रामा जमुना श्रेष्ठ प्रथम, क्रिन्जल गिरी द्वितीय र विष्णु बूढा मगर तथा सुष्मा मगर तृतीय भए।

५० केजी छात्रामा स्यान्टोप जलारी प्रथम, योगिसा परियार द्वितीय र सुरक्षा परियार तथा गङ्गा श्रेष्ठ तृतीय भए । प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने खेलाडीले नगद ३ हजार, २ हजार र १-१ हजार रुपैयाँ सहित मेडल र प्रमाणपत्र हात पारेको पोखरा महानगरपालिका खेलकुद विकास समितिका सदस्य सचिव सुरज अधिकारीले जानकारी दिए।

विजेता खेलाडीहरूलाई बधाई दिँदै खेलकुद विकास समितिले खेल क्षेत्रको विकास तथा युवा प्रतिभाको प्रोत्साहनका लागि यस्ता प्रतियोगिता निरन्तर सञ्चालन गरिने जनाएको छ । ग्रासरुट लेभलबाट खेलाडी उत्पादन गर्ने लक्ष्यका साथ यो प्रतियोगिता आयोजना गरिएको सदस्य सचिव अधिकारीले बताए । महोत्सवमा कुल ११ वटा खेल समावेश गरिएको छ। तीमध्ये दुई वटा राष्ट्रियस्तरका प्रतियोगिता रहेका छन् भने पाँच वटा खेल ग्रासरुट तहका खेलाडीलाई लक्षित गरी सञ्चालन गरिएका छन् । यसका साथै ह्विलचियर बास्केटबल, बौद्धिक अपाङ्गता दौड, बोसिया तथा दृष्टिविहीन क्रिकेटजस्ता समावेशी खेलहरू पनि महोत्सवमा समेटिएका छन् । महोत्सव असार ७ गतेसम्म सञ्चालन हुनेछ।

# प्रभावकारी सेवा प्रवाहका माध्यमबाट मुलुकलाई प्रगतिको मार्गमा अग्रसर गराऔँ: राष्ट्रपति

**रासस**
काठमाडौं, १ असार

राष्ट्रपति रामचन्द्र पौडेलले सुशासनका माध्यमबाट प्रभावकारी सेवा प्रवाह गरी देशलाई प्रगतिको मार्गमा अग्रसर गराउनु आजको आवश्यकता भएको बताउनुभएको छ।

लोकसेवा आयोगको ७६औँ वार्षिकोत्सवका अवसरमा आज यहाँ आयोजित समारोहमा उहाँले जनताको विकासको चाहना पूरा गर्नु अहिलेको आवश्यकता भएको बताउनुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "सङ्घीय लोकतान्त्रिक गणतन्त्रका लागि बलिदान गरेका जनताको चाहना मुलुकको चौतर्फी विकास हो । अभीष्ट पूरा गर्न आधुनिक समयमा हाम्रो राज्य संयन्त्रलाई समयानुकूल, अझ जनमुखी, सेवामुखी, प्रविधिमैत्री र परिणाममुखी बनाउन आवश्यक छ।" स्वउत्प्रेरित, अनुशासित, आचरणशील, नैतिकवान्, जिम्मेवार तथा राष्ट्रप्रति समर्पित कर्मचारीले यो भूमिकालाई परिणामुखी बनाउन सक्ने विश्वास व्यक्त गर्दै राष्ट्रपतिले प्रविधि र 'स्मार्ट' सेवा प्रवाहका माध्यमबाट कर्मचारीतन्त्रले नागरिकको मन जित्नुपर्नेमा जोड दिनुभयो । संविधानले अङ्गीकार गरेको समावेशी लोकतन्त्रको मर्मअनुरुप स्थापित योग्यता प्रणालीको रक्षा गर्नु र यसको जगलाई अझ मजबुत बनाउनु पर्ने खाँचो औँल्याउँदै राष्ट्रपतिले भन्नुभयो, "आयोगप्रतिको भरोसा एवं यसले अवलम्बन गरेका सिद्धान्त र प्रणालीका कारण परिश्रमि युवाले लोकतान्त्रिक शासन व्यवस्थामा आफ्नो भविष्य सुरक्षित देख्न पाएको यथार्थलाई हामीले बिर्सन हुँदैन । विगतमा हासिल गरको अनुभव, ज्ञानसँगै विश्वव्यापीरुपमा विकसित यससम्बन्धी सिद्धान्त र प्रणालीको अध्ययनका आधारमा आफ्ना कामलाई भविष्यमा अझ परिस्कृत गर्न आयोगले योगदान गर्ने ठानेको छु।"

लोकसेवा आयोगको कार्यक्षेत्र विस्तारसँगै आफ्ना कार्य सम्पादनलाई प्रविधिमैत्री, वैज्ञानिक, व्यवस्थित र गुणस्तरीय बनाउँदै भावी योजना निर्धारण गर्नुपर्ने चुनौती कायम छ भन्दै राष्ट्रपति पौडेलले वार्षिकोत्सवको क्षणमा विगतको कामका समीक्षा गरी योजना तर्जुमा गर्न सुझाव दिनुभयो । उहाँले राज्य सञ्चालनमा आवश्यक सरकारी निकायमा स्थायी सरकारका रुपमा रहने योग्य कर्मचारी छनौट गर्ने संवैधानिक जिम्मेवारी पाएको लोकसेवा आयोगले साढे सात दशकको अवधिमायोग्यता, निष्पक्षता र स्वच्छताको मूल सिद्धान्तका जगमा रहेर प्रभावकारी तवर काम गरेकामा आयोगको सराहना गर्नुभयो।

# पोखरामा आयोजित यूथ-२३ राष्ट्रिय मुआथाई च्याम्पियनसिपमा जलनलाई स्वर्ण

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

नेपाल राष्ट्रिय मुआथाई संघको आयोजनामा पोखरामा सम्पन्न दोस्रो नेपाल यूथ-२३ राष्ट्रिय मुआथाई च्याम्पियनसिपमा लेखनाथ डोजो मुआथाई क्लबका जलन पुनले स्वर्ण पदक जित्न सफल भएका छन्।

पोखरा महानगरपालिकाको खेलकुद विकास समितिले सञ्चालन गरेको दोस्रो पोखरा खेलकुद महोत्सवमा समावेश गरिएको यस प्रतियोगिताको सबैभन्दा आकर्षक प्रतिस्पर्धा यूथ १८-२३ वर्षअन्तर्गत ६३-६५ केजी तौल समूहमा भएको थियो।

उक्त प्रतिस्पर्धामा स्वर्ण जितेका जलनले २० हजार रुपैयाँ नगद पुरस्कार हात पार्न सफल भए । सोही समूहमा लेखनाथ डोजोका कुशल नेपाली द्वितीय बने भने ओर्ला फिटनेस पोखराका सुमन जिसी र स्ट्रोङ्गेष्ट मुआथाई क्लब पोखराका विश्वास पौडेल तृतीय भए। कुशलले १० हजार र सुमन र विश्वासले ५-५ हजार रुपैयाँ हात पारे।

यूथ १४-१५ वर्ष ५०-५३ केजी तौल समूहमा स्ट्रोङ्गेष्ट मुआथाई क्लब वालिङका सुरेश सार्की प्रथम भए भने स्ट्रोङ्गेष्ट मुआथाई क्लब पोखराका राजन घर्ति मगर द्वितीय बने। निर्जल गुरुङ र साम्यूल श्रेष्ठले तृतीय स्थान हासिल गरे । यो समुहको प्रथमले १० हजार,द्वितीयले ७ हजार र तृतीयले ४-४ हजार नगद हात पारे।

यूथ १६-१७ वर्ष ५३-५५ केजीमा आयुष ह्योल्मो प्रथम तथा करण तामाङ द्वितीय भए। प्रथमले १० हजार,द्वितीयले ७ हजार नगद हात पारे । त्यस्तै ५७-६० केजी तौल समूहमा राहुल कार्की प्रथम, टेरेन्स थापा मगर द्वितीय तथा भास्कर गुरुङ र अभिषेक श्रेष्ठ तृतीय बने। प्रथमले २० हजार,द्वितीयले १० हजार र तृतीयले ५-५ हजार नगद हात पारे। महिला यूथ १६-१७ वर्ष ५०-५३ केजीमा जोरिना राई प्रथम तथा स्नेहा खत्री द्वितीय भइन्। प्रथमले १० हजार,द्वितीयले ७ हजार नगद हात पारे । यूथ १८-२३ वर्ष ५०-५३ केजीमा अञ्जन श्रेष्ठ प्रथम, मन्दिप क्षेत्री द्वितीय तथा प्रवेश कुलुङ राई र चिरञ्जिवी छन्त्याल तृतीय भए। प्रथमले १० हजार,द्वितीयले ७ हजार र तृतीयले ४-४ हजार नगद हात पारे।

त्यसैगरी ५५-५७ केजी तौल समूहमा हेमन्त वोगटी प्रथम, दिप्सन गुरुङ द्वितीय तथा स्वदेश पौडेल र सोनम थापा तृतीय बने। प्रथमले १० हजार,द्वितीयले ७ हजार र तृतीयले ४-४ हजार नगद हात पारे।

प्रतियोगितासँगै आयोजित प्रोमोशनल फाइट्समा जुनियर छात्रा ९-११ वर्षमा लिलियन गुरुङ, जुनियर छात्र ९-११ वर्षमा डियर थापा मगर, महिला १८-२३ वर्ष समूहका प्रतिस्पर्धामा निशा थापा, प्रिसा श्रेष्ठ र कृष्मा आचार्य तथा छात्र १२-१३ वर्षमा आयान घर्ति मगर विजेता बने। जेठ ३० र ३१ गते पोखरामा सम्पन्न प्रतियोगितामा देशभरका विभिन्न क्लबका खेलाडीहरूको उत्साहजनक सहभागिता रहेको थियो।

समापन तथा पुरस्कार वितरण कार्यक्रममा प्रमुख अतिथि लेखनाथ उद्योग वाणिज्य संघकी अध्यक्ष जानुका पराजुली अधिकारी रहेकी थिइन्। विजेता खेलाडीहरूलाई अन्तर र्िष्ट्रिय मुआथाई प्रशिक्षक दीपक श्रेष्ठ, नेपाल राष्ट्रिय मुआथाई संघका केन्द्रीय उपाध्यक्ष तथा पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दीपक बहादुर गोदार लगायतले मेडल, प्रमाणपत्र तथा नगद पुरस्कार वितरण गरेका थिए।

प्रतियोगिताले नेपाली मुआथाई खेलको विकास, नयाँ प्रतिभाको पहिचान तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास आयोजकले व्यक्त गरेका छन्। खेल महोत्सवमा कुल ११ वटा खेल समावेश गरिएको छ। महोत्सव असार ७ गते सम्म सञ्चालन हुनेछ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बर्खा लाग्न थालेपछि वस्तुभाउ लिएर लेक उक्लिए गोठाला

**रासस**
बागलुङ, १ असार



काँधमा भारी। साथमा सयौँका सङ्ख्यामा वस्तुभाउ । पसिनाले निथ्रुक भिजेको शरीर। अनुहारमा थकान । ससाना पाठापाठी र पाडापाडी बोकेका गोठला मध्यपहाडी लोकमार्गको निसीखोला र ढोरपाटन सडकको ठाउँठाउँमा भेटिन्छन् । सेताम्य भेडाका बथान र गाईभैँसीको हुलले सडक नै छेकिनेगरी हिँडिरहेका हुन्छन्। यसरी आफ्नै गतिमा हिँडेका गोठाला र वस्तुभाउ लेकका खर्क र बुकीपाटन उक्लिन थालेका हुन्।

बर्खा सुरु भएसँगै पश्चिम बागलुङका पशुपालक किसान हरेक वर्ष वर्षात्को समयमा खर्क र बुकीपाटन उक्लिने गर्छन् । गत असोजमा बैँसी झरेका गोठाला वस्तुभाउ लिएर बुकीपाटन उक्लिन थालेका हुन्। एउटै परिवारले दर्जनौँ वस्तुभाउ पाल्ने हुँदा बैँसीमा मात्रै घाँस पुर्याउन नसक्ने हुँदा उनीहरू हिउँद बर्खा लेक-बैँसी गरेर पशुपालन गर्दै आएका छन् । जिल्लाको निसीखोला, ढोरपाटन, तमानखोला, गलकोटलगायत स्थानबाट गोठाला आफ्ना वस्तुभाउ लिएर लेक उक्लिने गर्छन् । पश्चिम बागलुङका अधिकांश किसान पशुपालनमा आबद्ध छन् । कतिपय गोठाला जेठ दोस्रो साता नै बुकीपाटन उक्लिसके भने धेरैजसो यतिबेला खर्च बोकेर लेक उक्लिन थालेका छन् । अहिले बुकीपाटन उक्लिने गोठाला अब चार महिनापछि मात्रै गाउँ (बैँसी) झर्छन् ।

बर्खाभरि लेकमा बस्ने गोठलाले असोजसम्म पुग्ने खाद्यान्न र लत्ताकपडा बोकेर जाने गर्छन् । समुद्री सतहदेखि तीन हजारदेखि चार हजार ८०० मिटरको उचाइसम्मको चरन क्षेत्रमा गोठाला पुग्छन् । बुकीपाटनमा वस्तुभाउका लागि पर्याप्त घाँस पाइने हुँदा महिनौँ उतै बिताउने गर्छन् ।

लेकमा टेलिफोन र विद्युत्को सुविधा नहुँदा उनीहरूको लामो समय परिवारसँग फोन सम्पर्कसमेत हुँदैन । असारदेखि असोजको बीचमा बिरामी परेमा, खर्च सकिएमा र अन्य कुनै आकस्मिक घटना भएमात्रै बैँसी झर्छन् । गोठालाहरू निसीखोलाको रिग, पातीहाल्ने, तिलाचन, निसेलढोर, खानीखोला र ढोरपाटनको गर्पाछेडा, फागुने, टीकाधारा, स्यार्चुङलगायत अग्ला पहाडी क्षेत्रमा पुग्छन् । बैँसीका बारीमा खेतीपाती गरिसकेपछि लेक उक्लिन थालेको निसीखोला गाउँपालिका-५ का किरबहादुर घर्ती मगरले बताउनुभयो । अब दसैँ मनाउनका लागि मात्रै गाउँ झर्ने उहाँको भनाइ छ ।

घर्ती मगरले भन्नुभयो, "यतिका सम्पत्ति (वस्तुभाउ) एकै ठाउँमा राखेर पाल्न सकिँदैन, यिनीहरूलाई ठाउँठाउँमा घुमाएर चराउन पर्छ, बैँसीमा गर्मी हुन्छ, लेकमा यतिबेला शीतल छ, घाँस पनि पलाइसकेको हुँदा चरनका लागि सजिलो हुन्छ, एक डेढ महिना एक ठाउँ बस्छौँ, त्यसपछि फेरि अर्को ठाउँमा सर्नुपर्छ ।" लेकमा बस्दा किसानले पशुपालनमात्रै गर्दैनन्। उनीहरूले काठका भाँडाकुँडा, चायोका सामग्री बनाउने गर्छन् । लेकमा उत्पादन भएका वस्तु बैँसी झरेपछि बिक्री गर्छन्। तमानखोला गाउँपालिका-५ का किसान शेरबहादुर सिर्पाली अघिल्लो वर्ष जेठको तेस्रो साता बुकीपाटन पुग्नुभएको थियो । यसपालि बाली लगाउन ढिला हुँदा बल्ल बुकीपाटनका यात्रा गरेको बताउनुभयो । आफ्ना छिमेकी एक साता अगाडि नै लेक उक्लिएको उहाँको भनाइ छ । "म पनि यतिबेला लेकमा पुगिसक्थेँ, घरमा जहान (श्रीमती) बिरामी छ, बारीमा बालीनाली लगाउनुपर्ने, त्यसले गर्दा एक साता ढिला भयो", उहाँले भन्नुभयो, "एक महिनापछि फेरि बैँसी झर्ने काम छ, बैँसी झर्दा लेकमा साथीहरू हुन्छन्, उनीहरूलाई दुईचार दिन पशुको जिम्मा लगाएर झर्नु पर्ला, अबको दुई दिनमा म बुकीपाटन पुगिसक्छु ।" ढोरपाटनको बुकीपाटनमा बागलुङका मात्रै नभई रोल्पा, रुकुम, म्याग्दी र डोल्पासम्मका किसानले भेडा लिएर चरनका लागि आउने गर्छन्। ढोरपाटन नगरपालिका-६ का पुनराम अदै भने बुकीपाटन पुगिसक्नुभयो । अदै जेठ २३ गते नै ढोरपाटन हुँदै बुकीपाटन पुगेको बताउनुभयो । जेठ २० गते शुभ बार पारेर लेक उक्लिएको उहाँको भनाइ छ । लेकमा घाँस पलाइसकेको हुँदा अबको एक सातामा बैँसीमा रहेका सबै गोठाला उक्लिसक्ने अदै बताउनुहुन्छ ।

अदैले भन्नुभयो, "हामी यसरी लेक बैँसी गर्न थालेको तीन/चार दशक बितिसक्यो, पढाइलेखाइ पनि भएन, देशविदेश पनि गइएन, यही वस्तुभाउ हेर्ने ज्यान पालन गर्नेबाहेक अरु केही गर्न सकिएन, बर्खाभरि लेकमै बस्छौँ, अब असोज लागेपछि बल्ल बैँसी झर्ने हो, अहिले गोठालाहरूले बुकीपाटन भरिन थाल्यो, अबको केही दिनमा भरिभराउ हुन्छ ।"

# छोरपाटन माविमा स्वागत तथा अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार



पोखरा १७ स्थित छोरेपाटन माध्यमिक विद्यालयमा नवआगन्तुक कक्षा ११ का विद्यार्थीलाई सोमबार एक कार्यक्रमका बीच स्वागत तथा अभिमुखीकरण गरिएको छ।

सो अवसरमा भनाई राख्दै शिक्षक अभिभावक संघका अध्यक्ष इन्द्रबहादुर खत्रीले छोरेपाटन गण्डकी प्रदेशकै नमूना शैक्षिक संस्था रहेको जनाउँदै विद्यार्थीलाई अनुशासीत बन्न सुझाए । प्रधानाध्यापक डिल्लीराम शर्मा भुषालले विद्यार्थीलाई नियमित पठनपाठनमा ध्यान दिन आग्रह गर्दै विद्यार्थीको चौतर्फी विकासमा विद्यालय चनाखो रहेको स्पष्ट पारे । सहायक प्रधानाध्यापक खेमराज बरालले विद्यार्थीलाई भविष्य ख्याल गरी अध्ययन गर्न सुझाव दिर्दै पठनपाठनका अलवा अतिरिक्त क्रियाकलापलाई पनि विद्यालयले महत्व दिर्दै आएको प्रष्टाए। अर्का सहायक प्रधानाध्यापक मेघनाथ पौडेलले विद्यालयमा पठनपाठनको वातावरण राम्रो रहेको उल्लेख गर्दै विद्यार्थीले असल साथीको संगत गनुपर्ने भनाई राखे । त्यस अवसरमा शिक्षक इन्द्रप्रसाद दाहाल, पूर्व विद्यार्थी ई. सूचना रिजाल लगायतले पनि धारणा राखे । कार्यक्रमका बीच विद्यार्थीलाई कलम, विद्यालयको वार्षिक मुखपत्र ज्योत्स्ना तथा क्यालेण्डर प्रदान गरी स्वागत गरियो । विद्यालयमा विज्ञान, व्यवस्थापन, होटल व्यवस्थापन, शिक्षा तथा सामाजिक समूह अन्तर्गत पठनपाठन हुने गर्दछ । व्यवस्थापन, होटल व्यवस्थापन, शिक्षा तथा सामाजिक समूहमा भर्ना भएका विद्यार्थीलाई सोमबार विहान तथा विज्ञान समूहका विद्यार्थीलाई दिउँसो कार्यक्रम गरी स्वागत तथा अभिमुखीकरण गरिएको हो।

प्रधानाध्यापक डिल्लीराम शर्मा भुषालको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सहायक प्रधानाध्यापक मेघनाथ पौडेलले स्वागत तथा शिक्षकद्वय लिलानाथ आचार्य(विमल) र दिपक सुवेदीले कार्यक्रम संचालन गरे ।

# केरा, खर्बुजा र काक्राको बीउ बिक्रीबाट १२ लाख आम्दानी

**पोखरापत्र संवाददाता**
पर्वत, १ असार

फलेवासका छविलाल पौडेलले केरा, खर्बुजा र काक्राको बीउ बिक्रीबाट वार्षिक रु १२ लाख आम्दानी गर्नुभएको छ ।

कालीगण्डकी नदी किनारमा रहेको उहाँको घर वरिपरिको झण्डै ७० रोपनी जग्गामा रु ४० लाख लगानीबाट सो आम्दानी गर्नुभएको हो। दक्षिण कोरियाको जागीरे जीवन त्यागेर गाउँमै फर्किएपछि व्यावसायिक रुपमा फलफूलखेती गर्न थालेकाले उहाँ अहिले गाउँको उदाहरणीय किसान बन्नुभएको छ। पौडेलको केरा बगैँचामा घरपरिवार र थप दुईजना स्थानीयले रोजगारी पाएका छन्। सरकारले भारतबाट केरा आयातमा रोक लगाएपछि बजार मूल्य सन्तोषजनक रुपमा प्राप्त गरेकोमा पौडेल खुसी हुनुहुन्छ । उहाँले केरा स्थानीय फलेवास, कुश्मा, पोखरा र काठमाडौँसम्म बिक्रीका लागि लैजाने गर्नुभएको छ। पौडेलले यस वर्ष करिब ६० क्विन्टल खर्बुजा बिक्री गर्नुभयो। यसैगरी, उहाँले भक्तपुरे लोकल काक्रोको ३० केजी बीउ बिक्री गर्नुभएको छ । आठ रोपनी क्षेत्रफलमा काक्रोखेती गर्नुभएको छ । उहाँले प्रतिकिलो काक्रोका बीउ रु दश हजारमा बिक्री गर्नुभएको छ । कृषि औजार तथा मल बीउ खरिदका लागि स्थानीय फलेवास नगरपालिकाले पौडेललाई सहयोग पुऱ्याएको छ। त्यसैगरी कृषि विकास कार्यालय पर्वतले राजमार्ग/करिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रमअन्तर्गत चालु आवमा केराखेती विस्तारका लागि रु एक लाख ५५ हजार आर्थिक सहयोग गरेको कार्यालय प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो।

# 'राउन्ड फेवा भ्यू ट्रेल' प्रति पर्यटकीय आकर्षण

**जमुना वर्षा शर्मा**
पोखरा, १ असार

फेवातालको किनारैकिनार फैलिएको हरियाली रानीवन, विश्व शान्ति स्तूपको शान्त वातावरण तथा माछापुच्छ्रेसहित अन्नपूर्ण हिमश्रृखलाको मनोरम दृश्यलाई एउटै पदयात्रामा अनुभूति गर्न सकिने 'राउन्ड फेवा भ्यू ट्रेल' पछिल्लो समय पोखराको नयाँ पर्यटकीय आकर्षणका रूपमा स्थापित हुँदै गएको छ।

स्वदेशी तथा विदेशी पर्यटकको बढ्दो आकर्षणसँगै पर्यटन क्षेत्रका सरोकारवालाले यसलाई उत्कृष्ट 'वार्म-अप हाइकिङ ट्रेल'का रूपमा विकास गर्न सकिने बताएका छन् । पोखराको लेकसाइडबाट सुरु भई ड्यामसाइड, फेवातालपारिको रानीवन क्षेत्र, विश्व शान्ति स्तूप हुँदै पुनः लेकसाइड मै टुङ्गिने करिब १३ किलोमिटर लामो यो पदमार्ग प्राकृतिक सौन्दर्य, जैविक विविधता तथा हिमाली दृश्यावलोकनका दृष्टिले महत्वपूर्ण मानिएको छ । पछिल्ला वर्षमा छोटो समयमै ताल, हिमाल, जङ्गल र ग्रामीण परिवेशको अनुभव लिन सकिने भएकाले यो पदमार्ग पर्यटकमाझ लोकप्रिय बन्दै गएको हो । ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्ण आचार्यले पोखरा आउने अधिकांश विदेशी पर्यटक हिमाली पदयात्रा तथा ट्रेकिङमा रुची राख्ने भएकाले राउन्ड फेवा भ्यू ट्रेललाई 'वार्म-अप हाइकिङ ट्रेल'का रूपमा विकास गर्न सकिने बताउनुभयो।

उहाँका अनुसार तीनदेखि चार घण्टाको पदयात्रामा फेवाताल, माछापुच्छ्रे र अन्नपूर्ण हिमशृ लाको दृश्यावलोकनका साथै चराचुरुङ्गी, वनस्पति र सुनाखरीको सौन्दर्यको आनन्द लिन सकिनेछ । "हिमाली पदयात्रामा जानुअघि छोटो दूरीको अभ्यास पदयात्रा आवश्यक हुन्छ", उहाँले भन्नुभयो, "यो पदमार्ग त्यही उद्देश्यका लागि उपयुक्त छ र पर्यटकलाई पोखराको प्राकृतिक तथा सांस्कृतिक विविधताको अनुभव दिलाउन सक्छ।"

हाल दैनिक १०० भन्दा बढी स्वदेशी तथा विदेशी पर्यटकले पदमार्ग प्रयोग गरिरहेको तथ्याङ्क छ । पदमार्गको लोकप्रियता बढ्दै गए पनि पूर्वाधार अभाव चुनौतीका रूपमा रहेको स्थानीयको भनाइ छ।

त्यस क्षेत्रका केही काठे पुल जीर्ण बनेको ठाउँठाउँ रुख ढलिरहेको तथा सुरक्षाका लागि रेलिङ आवश्यक रहेको उहाँको पर्यटन व्यवसायी बताउँछन् । टान गण्डकीका पूर्वअध्यक्ष एवं पोखरा पर्यटन परिषदका प्रथम उपाध्यक्ष हरि भुजेलले पोखराको पर्यटन विविधिकरणमा यस्ता पदमार्गको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । उहाँले आफ्नो कार्यकालमा राउन्ड फेवा भ्यू ट्रेलको अवधारणा अघि सारिएको स्मरण गर्दै अहिले यसको संरक्षण र स्तरोन्नतिप्रति बढ्दो चासो देखिनु सकारात्मक भएको बताउनुभयो।

"पोखरा केवल ताल र हिमालको दृश्य हेर्ने शहर मात्र होइन, पदयात्रा र प्रकृतिमा आधारित पर्यटनको पनि उत्कृष्ट गन्तव्य हो," उहाँले भन्नुभयो, "यो पदमार्गले छोटो समय भएका पर्यटकलाई समेत गुणस्तरीय अनुभव प्रदान गर्न सक्छ, यसलाई 'वार्म-अप हाइकिङ ट्रेल'रुपमा विकास गर्न सकिन्छ।"

गण्डकी प्रदेश पर्यटन बोर्डका प्रमुख मणिराज लामिछानेले पर्यटनलाई वर्षभरि चलायमान बनाउन नयाँ पर्यटन उत्पादन आवश्यक रहेको बताउनुभयो । उहाँका अनुसार 'राउन्ड फेवा भ्यू ट्रेल' ले प्रकृतिमा आधारित 'सफ्ट एड्भेन्चर' पर्यटनको राम्रो सम्भावना बोकेको छ । फेवाताल, रानीवन र हिमालको दृश्यलाई जोड्ने यो पदमार्ग पोखराको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण उत्पादन बन्न सक्ने उहाँको विश्वास छ । उहाँले "वार्म-अप हाइकिङ ट्रेल" को अवधारणालाई यो पदमार्गमा जोडेर प्रचार प्रसार गर्न सके पर्यटन प्रवर्द्धन हुने बताउनुभयो।

कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले पर्यटकको बसाइ अवधि लम्याउन र छोटो समयका लागि पोखरा आउने पर्यटकलाई प्रकृतिको अनुभव दिलाउन "वार्म अप ट्रेल"को रुपमा पदयात्रालाई विकास गर्न सकिने बताउनुभयो। उहाँले स्थानीय तह, समुदाय र सरोकारवाला संस्थाबीचको सहकार्यबाट पदमार्गलाई अझ व्यवस्थित र आकर्षक बनाउन सकिने बताउँदै पर्यटन प्रवर्द्धनसँगै पर्यटक सुरक्षाका लागि आवश्यक पूर्वाधार निर्माण र प्रभावकारी व्यवस्थापनमा जोड दिनुभयो । पोखरा महानगरपालिका-२२ का अध्यक्ष हिमलाल बरालले राउन्ड फेवा भ्यू ट्रेल तथा पुम्दीभुम्दी पदमार्गको स्तरोन्नतिका लागि पोखरा महानगरपालिका र एसियाली विकास बैंक (एडिबी) बीच भएको सम्झौताअनुसार विस्तृत परियोजनाप्रतिवेदन (डिपीआर) तयार गर्ने काम अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो।

उहाँका अनुसार जीर्ण पुलको पुनःनिर्माण, रेलिङ जडान, पदमार्ग मर्मत, सार्वजनिक शौचालय निर्माण, विश्रामस्थल विकास तथा दृश्यावलोकनका संरचना निर्माणलगायतका काम योजनामा समेटिएका छन्।

ड्यामसाइडदेखि पुम्दीकोटसम्म केही पूर्वाधार निर्माण भइसकेको र बाँकी काम एडिबीको सहयोगमा अघि बढ्ने तयारी रहेको बताउँदै उहाँले भन्नुभयो, "डिपीआर तयार भएपछि आवश्यक बजेटको यकिन हुने र आगामी आर्थिक वर्षदेखि स्तरोन्नतिका काम सुरु हुने अपेक्षा गरिएको छ।" अध्यक्ष बरालले पदमार्गको विकासले स्थानीय व्यवसाय, होटल, कृषि उत्पादन तथा सामुदायिक आयआर्जनमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो।

पर्यटन व्यवसायीले सङ्घीय, प्रदेश र स्थानीय सरकारलाई आवश्यक बजेट विनियोजन गरी पुल, रेलिङ तथा अन्य पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्न आग्रह गरेका छन्। उहाँहरुका अनुसार, 'राउन्ड फेवा भ्यू ट्रेल' पोखराको नयाँ पर्यटकीय पहिचानका रूपमा स्थापित गर्न सकिए विदेशी पर्यटकका लागि नेपाल प्रवेशपछिको उत्कृष्ट 'वार्म-अप हाइकिङ ट्रेल' बन्न सक्ने सम्भावना छ।

# धौलागिरि प्रादेशिक अस्पतालमा डायलाइसिस गर्न पालो कुर्नु नपर्ने

**पोखरापत्र संवाददाता**
बागलुङ, १ असार

धौलागिरि प्रादेशिक अस्पताल बागलुङमा मिर्गौला रोगका बिरामी बढ्दै गएपछि डायलाइसिस सेवा विस्तार गरिएको छ।

बिरामीको सङ्ख्या बढ्दै गएपछि अस्पतालमा सेवा विस्तार गरिएसँगै डायलाइसिस गर्न पालो कुर्नु नपर्ने भएको हो। अहिले मिर्गौला रोगीका लागि अस्पतालमा छुट्टै कक्ष स्थापना गरेर सेवा दिन थालिएको हो।

नियमित डायलाइसिस गर्नुपर्ने बिरामीलाई सहज रूपमा सेवा दिने उद्देश्यले अस्पतालमा गण्डकी प्रदेश सरकारको रु २० लाख लागतमा छुट्टै कक्ष स्थापना गरिएको अस्पतालका प्रमुख डा किरण तिवारीले बताउनुभयो। उहाँका अनुसार अस्पतालले दैनिक ६४ जनालाई डायलाइसिस सेवा दिइरहेको छ।

छुट्टै कक्ष स्थापना गरेपछि थप २० जनाको डायलाइसिस गर्नसक्ने क्षमता विस्तार भएको डा तिवारीले उल्लेख गर्नुभयो। अस्पतालमा आवश्यकताअनुसार शय्या थप्ने काम भएको भन्दै उहाँले आवश्यक उपकरण प्रदेश सरकारले उपलब्ध गराउने भएपछि सेवा विस्तार गरिएको बताउनुभयो। "पछिल्लो समय मृगौला पीडित बिरामी बढ्दै गएका छन् । उहाँहरूलाई लामो समय लाइनमा बस्नुपर्दा असहज हुने देखिएपछि अस्पतालले सेवालाई थप प्रभावकारी र सहज बनाउन कक्ष स्थापना गरेको हो", प्रमुख तिवारीले भन्नुभयो, "सीमित बिरामीको डायलाइसिस गर्नुपर्ने हुँदा ३० जना लाइनमा बस्नुपर्ने बाध्यता थियो। अब भने यो समस्या अन्त्य भएको छ।"

यसैबीच अस्पतालले हालै सर्पदंशको उपचार सेवा सुरु गरेको छ। योसँगै अस्पतालमा 'सिटी स्क्यान' उपकरण जडान भएपछि ट्रमाका बिरामीले पनि सहज रूपमा सेवा पाउन थालेका अस्पताल प्रशासनले जनाएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७, बिजी फुटबल एकेडेमीको अधुरो बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः बिजी फुटबल एकेडेमीको अधुरो बाटो निर्माण
ठेगानाः पोखरा-२७, माछापुच्छ्रे टोल
योजना सम्झौता मिति : २०८३/०१/२४ गते
योजना सुरु मितिः २०८३/०१/२५ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१० गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/०६ गते
योजनाको कुल लागतः रु. १३,३३,३३३.३३
महानगरपालिकाबाटः रु. १२,००,०००।-
जनसहभागिताबाटः रु. १,३३,३३३.३३
उपभोक्ता समिति अध्यक्षः सुरेस जंग जि.सी.
सम्पर्क नं.: ९८४६०५३१६३
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**बिजी फुटबल एकेडेमीको अधुरो बाटो निर्माण उपभोक्ता समिति पोखरा-२७**